idea to iPO
Connecting the dots...

**भाद्र २८, २०८०**

# मिड सोलु हाईड्रोपावर लिमिटेडको साधारण शेयर निष्काशन सम्बन्धी सूचना !

एन आई सी एशिया क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्कासन भईरहेको श्री मिड सोलु हाईड्रोपावर लिमिटेडको आफ्नो जारी पूँजी रु.७४,८४,००,०००/- (अक्षरेपी चौहत्तर करोड चौरासी लाख मात्र) को २०% अर्थात् १४,९६,८०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्ने शेयर मध्ये जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१०० अंकित दरका ७,४८,४०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको र कम्पनीको जारी पूँजीको १०% अर्थात रु.७,४८,४०० कित्ता साधारण शेयर मध्ये रु.१०० अंकित दरका ७४,८४० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई निष्काशन गरिएको शेयर समेत बाँडफाँड गरिएको व्यहोरा जानकारी गराइन्छ ।

उक्त शेयरहरु बाँडफाँड पश्चात् कर्मचारीहरुलाई १४,९६८ (२ प्रतिशत) तथा ३७,४२० कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५ प्रतिशत) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रु.६,२१,१७,२००/-(अक्षरेपी छ करोड एकाईस लाख सत्र हजार दुई सय मात्र) रकम बराबरको रु.१०० अंकित दरका ६,२१,१७२ कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही मिति २०८०/०५/१९ गते प्रकाशित आव्हान पत्र अनुसार साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला मिति २०८०/०५/२८ गतेदेखि गर्ने उल्लेख गरिएकोमा नेपाल सरकारले मिति २०८०/०५/२८ गतेका दिन सार्वजनिक बिदा दिएको हुँदा उक्त शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन **मिति २०८०/०५/२९ गतेदेखि छिटोमा मिति २०८०/०६/०२ र ढिलोमा मिति २०८०/०६/१२** गतेसम्म निष्कासन तथा बिक्री खुल्ला गर्न लागिएको व्यहोरा सम्बन्धित सबैमा सहर्ष जानकारी गराइन्छ ।


**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com



१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य